# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, फागुन ११ गते २०४३ साल (संख्या ४५

## भाग ४

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

### सूचना १

महालेखा नियन्त्रक कार्यालयका महालेखा नियन्त्रक श्री भुवनेश्वर खत्री मन्त्रिपरिषद् सचिवालयमा सरुवा भई जानुभएकोले सो महालेखा नियन्त्रक पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका महालेखापाल श्री श्यामविहारीलाल श्रीवास्तवलाई मिति २०४३।१०।१ देखि का.मु. मुकरर गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारको मिति २०४३।८।१९ को निर्णयानुसार ललितपुर जिल्लामा कर कार्यालय र अन्तःशुल्क कार्यालय र बारा जिल्लामा कर कार्यालय खडा गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,

लोकबहादुर श्रेष्ठ

श्री ५ को सरकारको सचिव

५०५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।